का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ चैत २०७९,
सोमबार
27 March 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ६१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



## एमालेको प्रश्न

# ६० हजार उजुरी के हुन्छ ?



संक्रमणकालीन न्याय सरकार वा कुनै राजनीतिक पार्टीको मात्रै विषय नभई सिंगो राष्ट्रकै साझा सवाल हो । यसमा सबै सकारात्मक हुनुपर्दछ ।

**रमेश लेखक**, प्रमुख सचेतक, कांग्रेस



सेना समायोजन र संविधान निर्माण र राज्यको पुनर्संरचनाको काम सकिएकाले अब संक्रमणकालीन न्यायको काम सम्पन्न गर्नुपर्ने छ ।

**जनार्दन शर्मा**, उपमहासचिव, माओवादी केन्द्र



माननीय मन्त्रीज्यूले विधेयक पेश गर्दै गर्दा सत्ता र प्रतिपक्षको विषय होइन भन्नुभयो, तर सिंगो देश र हाउसको विषय बनाउन नचाहेको देखिन्छ ।

**महेश बर्तौला**, सचेतक, एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ चैत ।

प्रतिनिधिसभाबाट 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९' माथि विचार गरियोस् भन्ने प्रश्ताव पारित भएको छ ।

आइतबार प्रतिनिधिको बैठकले उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित गरेको हो । प्रतिनिधि सभाको बैठकमा यस विधेयकमाथि सांसदहरुले आफ्नो आफ्नो धारणा व्यक्त गरेका थिए ।

प्रतिनिधि सभाको अर्को बैठक चैत्र १५ गते १ बजे बस्नेछ । उक्त बैठक अगाडि सांसदहले यस विधेयकमाथि संशोधन प्रस्ताव दतार्म गरिसक्नेछन् ।

आइतबारको बैठकमा सत्ता पक्षका सांसदहरुले विधेयकको बचाउ गरेका थिए भने प्रतिपक्षका सांसदहरुले गम्भीर अपराधमा संलग्नलाईसमेत उन्मुक्ति दिन खोजिएको भन्दै आलोचना गरेका छन् ।

> सत्ता पक्षले विधेयकको बचाउ गरेका छन् भने प्रतिपक्षले गम्भीर अपराधमा संलग्नलाईसमेत उन्मुक्ति दिन खोजिएको भन्दै आलोचना गरेका छन् ।

अर्थात, संक्रमणकालीन न्यायका विषयमा सत्ता र प्रतिपक्षबीच किताकाटको अवस्था देखिएको छ ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पाटी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सहित सत्ता गठबन्धनका दलहरु संक्रमणकालीन न्यायसम्बन्धी विधेयक तत्काल टुंगोमा पुर्याउनुपर्ने पक्षमा उभिँदा प्रमुख प्रतिपक्ष नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले विधेयकको अन्तरवस्तुमाथि नै गम्भीर प्रश्न उठाएका छन् ।

नेपाली काँग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले संक्रमणकालीन न्याय सरकार वा कुनै राजनीतिक पार्टीको मात्रै विषय नभई सिंगो राष्ट्रकै साझा सवाल भएकाले तत्काल टुङ्गोमा पुर्याउन सबैले सकारात्मक भूमिका खेल्नुपर्नेमा जोड दिए ।

नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष एवम् प्रतिनिधिसभा सदस्य राजेन्द्रप्रसाद पाण्डेले संक्रमणकालीन न्यायलाई थप लम्ब्याउन नहुने बताए । अहिलेको विधेयक समयसापेक्ष रहेकाले यसलाई पारित गर्नुको विकल्प नभएको सांसद पाण्डेको भनाइ छ ।

माओवादी केन्द्रका सांसद जनार्दन शर्माले शान्ति सम्झौताको मर्मअनुसार नै संक्रमणकालीन न्यायको विषय किनारा लगाउनुपर्ने बताए । शान्ति सम्झौताका मुख्य तीनवटा काममध्ये सेना समायोजन र संविधान निर्माण र राज्यको पुनर्संरचनाको काम सकिएकाले अबसंक्रमणकालीन »» पृष्ठ २ मा

## अलपत्र खेल पूर्वाधार सरकारको सधैं झुटो प्रचार

सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा खेलकुद गतिविधि सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारको विकास नगर्दा र निजी क्षेत्रलाई प्रभावकारी रुपमा समेट्न नसक्दा खेलकुद तीव्र विकास हुन नसकेको विज्ञहरुले बताउँदै आएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ चैत ।

प्रधानमन्त्री पुष्पकमल दाहालकी छोरी एवं स्वकीय सचिव गंगा दाहालले क्रिकेट मैदानको विषयलाई लिएर आईतबार सामाजिक सञ्जालमा पोष्ट गरेपछि उनको आलोचना भयो । 'सम्माननीय प्रधानमन्त्री प्रचण्डको निर्देशनमा कीर्तिपुर क्रिकेट मैदानमा फ्लड लाइन जडान कार्य सम्पन्न' उनले गरेको पोष्टमा भनिएको थियो । कीर्तिपुर स्टेडियममा हुँदै नभएको कामको हतार हतार प्रचार गरेपछि उनको आलोचना भयो र पोष्ट सच्याउँदै उनले निर्माण सक्किएपछि रंगशाला फोटोमा जस्तै आकारमा देखिने व्याख्या गरिन् । जबकी केही दिनअघि मात्रै प्रचण्डले कीर्तिपुर स्टेडियममा तत्काल फ्लड लाइट र डिजिटल स्कोर बोर्ड जडान गर्न निर्देशन दिएका थिए । विश्वकप क्रिकेटको क्वालिफायरमा छनोट भएका नेपाली खेलाडीलाई बधाई दिँदै समग्र खेलकुदको विकासमा लाग्ने बताएपनि काम भने अघि बढ्नै सकेको छैन ।

सरकारले खेलकुदको समग्र विकासमा सहयोग गर्ने बताएपनि देशभरिका खेल पूर्वाधार भने एकपछि अर्को गर्दै अलपत्र पर्न थालेका छन् । पोखराको लेखनाथ रङ्गशालामा ६ वर्षदेखि निर्माणाधीन बहुउद्देश्यीय कभर्ड हल बजेट अभावमै डेढ वर्षदेखि अलपत्र परेको छ । सबै संरचना सम्पन्न गर्न ३ करोड बढीको बजेट लाग्ने भएपनि संघदेखि स्थानीय तहसम्मबाट बजेटको व्यवस्थापन हुन नसक्दा काम अलपत्र भएको निर्माण समितिका अध्यक्ष सुवास खड्काले बताउँदै आएका छन् ।

बजेट अभावले जुम्लामा निर्माणाधीन खेलकुद पूर्वाधार पनि अलपत्र पर्दै आएको छ । विश्वकै अग्लो स्थानमा धान फल्ने पातारासीको छुमचौरस्थित निर्माणाधीन हाइअल्टिच्युट ट्रेनिङ सेन्टर, सदरमुकाममा निर्माणाधीन भलिबलको प्यारापिट बजेट अभावले अलपत्र पर्दै आएका हुन् ।

त्यस्तै, धुमुर्स सुन्तलीले निर्माण सुरु गरेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला अलपत्र परेपछि सरकारले पूर्ण स्वामित्व लिनुपर्ने आवाज संसदमै उठ्न थालेको छ । 'गेम चेन्जर परियोजनाको रुपमा रहनसक्ने सो रंगशाला निर्माणको पूर्ण स्वामित्व र अपनत्व आफैं वा भरतपुर महानगरपालिका लिनेगरी निर्णय गर्न नेपाल सरकार समक्ष अनुरोध गरेँ' राष्ट्रियसभा सदस्य खिमलाल देवकोटाले भने । उनले नेपालमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला आवश्यक छ भन्ने सन्देश हालैको आईसीसी विश्वकप क्रिकेट लिग टुले दिएको भन्दै गम्भीर बन्न सरकारलाई »» पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## विदेशमा रहेका कामदारका लागि बुधबारदेखि टेलिमेडिसिन सेवा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ चैत

वैदेशिक रोजगार बोर्डले चैत १५ गते बुधबारदेखि वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारका लागि अनलाइन टेलिमेडिसिन सेवा शुरू गर्ने भएको छ । वैदेशिक रोजगारीमा रहेका कामदारहरूलाई स्वास्थ्य सेवा प्रदान गरी उनीहरूको हकहित संरक्षण गर्ने उद्देश्यअनुसार टेलिमेडिसिन सेवा प्रारम्भ गर्न लागिएको बोर्डले बताएको छ ।

ठूलो संख्यामा नेपाली कामदार रहेका खाडी मुलुक तथा मलेसियामा हप्ताको दुई



दिन शुक्रबार र आइतबार सार्वजनिक बिदा पर्ने भएको र उक्त दिनहरूमा टेलिमेडिसिन सेवा प्रदान गर्दा नेपाली कामदारहरूलाई सेवा लिन सहज हुने आंकलन गरी शुक्रबार र आइतबार सेवा प्रदान गर्न लागिएको बोर्डले बताएको छ ।

दूर-चिकित्सा अर्थात् टेलिमेडिसिन चिकित्सा क्षेत्रमा भएको नवीनतम विकास मानिन्छ । वैदेशिक रोजगारमा रहेका कामदारहरु विभिन्न रोगबाट पीडित हुने भएपनि समयमा चिकित्सकको उचित स्वास्थ्य सल्लाह नपाउँदा रोग लुकाएर बस्ने गरेका छन् ।

गत बुधबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले विभिन्न प्रविधिको प्रयोग गरेर विदेशमा कार्यरत कामदारलाई नेपालबाट चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिएर उपचार तथा सल्लाह दिइने बताएका थिए ।

बोर्डले टेलिमेडिसिन सेवा लिने कामदारको प्रेशक्रिप्सन अनलाइनमामार्फत् »» पृष्ठ २ मा

## रोकिएनन् बालेन

नदी बहाव, नदी उकास, नदी किनार र नदी करिडोरको सार्वजनिक क्षेत्रमा निर्माण तथा अनधिकृतरूपमा निर्माण भएका संचरना हटाउनका लागि काठमाडौं महानगरले ७ दिने अल्टिमेटमसहितको सूचना निकालेको हो ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १२ चैत ।

काठमाडौं महानगरपालिकाले अनधिकृत संरचना हटाउने अभियान फेरि चलाउने भएको छ । गत ३० वैशाखमा सम्पन्न आम चुनाव वरिपरीको समयसम्म चलिरहेको अनधिकृत संरचना हटाउने अभियान त्यसबेला रोकिएको थियो ।

महानगरपालिकाका अधिकारीहरुका अनुसार दुई कारणले रोकिएका थिए । पहिलो- चुनावको मुखमा संरचना भत्काउने अभियान चलाउँदा नकारात्मक सन्देश जाने भन्दै दलहरुले अनौपचारिक रुपमा असन्तुष्टि जनाएका थिए । दोस्रो- सर्वोच्च अदालतलगायतका निकायबाट समेत



महानगरले अपेक्षित सहयोग पाएन ।

यसअघि महानगरले थापाथलीस्थत वाग्मती करिडोरमा रहेको सुकुम्बासी बस्ती जबर्जस्ती हटाउन खोज्दा स्थानीयहरूसँग झडप भएको थियो । त्यसबेला प्रयाप्त अध्ययन नगरेको र त्यसअनुसार तयारी नपुगेको अनुभूत गरेको महानगरकै अधिकारीहरु बताउँछन् ।

गत वैशाख वरिपरीलेखि हालसम्म कस्तो संरचना कहाँ रहन सक्छ वा रहन सक्दैन ? मिचिएका संरचना कहिलेदेखिका हुन भन्ने लगायत पर्याप्त प्रमाण संकलन गरेर महानगर फेरि अनधिकृत संरचना हटाउने अभियानमा जुट्न लागेको हो । प्रयाप्त प्रमाण हुँदा सरकारी निकायले जे जस्तो व्यवहार गरे पनि जनताका बीचमा सत्यता दिन सकिने र त्यसले सकारात्मक प्रभावलाई सहयोग पुग्ने महानगरका अधिकारीहरुको विश्वास छ । »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

१३ चैत २०७९, सोमबार
27 March 2023, Monday

# सञ्चारमाध्यमले विश्वसनीयता कायम राख्नुपर्नेमा जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ चैत




नेपाल पत्रकार महासंघ, पत्रकारिता तथा आमसञ्चार प्राज्ञिक विभागको आयोजनामा बदलिँदो परिस्थिति र सञ्चारमाध्यका विषयवस्तुका सन्दर्भमा 'आजको पत्रकारिता : अबको पत्रकारिता' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सहभागी सञ्चार विज्ञ तथा पत्रकारिता अध्ययनरत विद्यार्थीले सञ्चारमाध्यमका विषयवस्तुमाथि विश्वसनीयता कायम राख्न र समयअनुकूल प्रविधिको प्रयोग गर्न जोड दिएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले नेपाली पत्रकारिता क्षेत्रलाई समाजले कसरी हेरिरहेको छ ? यस विषयमा छलफल र समीक्षा हुनुपर्ने बताए। उनले सञ्चारमाध्यमले पत्रकारितको धर्म निर्वाह गरिरहेको छ कि छैन ? भन्दै पत्रकार आचारसंहिता र सञ्चारसम्बन्धी निर्देशिका पालना नगर्ने सञ्चारमाध्यमलाई कारबाही गर्ने बताए ।

महासंघका पूर्व अध्यक्ष डा.महेन्द्र विष्टले आजको पत्रकारितामा विभिन्न चुनौती थपिएको बताए । 'आजको पत्रकारितमा अवसर र चुनौती दुबै छन् । यसलाई प्रविधि, शैली र समाज रुपान्तरणका हिसावले व्याख्या विश्लेषण गर्नुपर्छ' डा. विष्टले बताए । उनले पत्रकारितामा कमी-कमजोरीहरु रहेको भन्दै आजको पत्रकारितालाई सच्याउन नसकिए अबको पत्रकारिता नसच्चिने समेत बताए ।

महासंघका महासचिव रोसन पुरीले मुलधारकै पत्रकारितामा कमी कमजोरी रहेको बताए । उनले मुलधारका सञ्चारमाध्यमले सामाजिक न्यायका विषयवस्तुलाई कम स्थान दिने गरेको बताए । उनले नेपाली सञ्चारमाध्यम प्रश्नहरुबाट गुज्रिरहेको भन्दै त्यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिए ।

महासंघका पूर्व सभापति डा.सुरेश आचार्यले पत्रकारिता क्षेत्र पेशागत सिद्धान्तबाट विमुख हुँदा अन्य माध्यमहरु हाबी हुन थालेको बताए । प्रेस स्वतन्त्रताको उपभोगसँग जोडिएको विषयमा निरन्तर बहस र छलफल हुनुपर्नेमा जोड दिँदै डा.आचार्यले सञ्चारमाध्यमका विषयवस्तु सामाजिक न्यायका लागि केन्द्रित हुनुपर्नेमा जोड दिए ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले पत्रकारिताप्रति प्रश्न उठ्ने गरेको भन्दै त्यसबाट भाग्न नसकिने बताए ।

उनले सञ्चारमाध्यमका विषयवस्तुको विश्वसनीयतामा प्रश्न उठ्ने गरेको भन्दै प्रश्नहरुलाई स्वीकार गरी विश्वसनीयता कायम राख्नुपर्नेमा जोड दिए ।

उनले हिजोको पत्रकारिता अभ्यासका आधारमा गरिँदै आएको भन्दै आज पत्रकारिताका लागि अध्ययन र प्रविधियुक्त रहेकाले पत्रकारिता पेशामा अवसर र चुनौती दुबै रहेको बताए ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्काले सञ्चार क्षेत्रका विकृति विसंगति अन्त्यका लागि सञ्चार साक्षरता अभियान चलाउनुपर्ने बताइन् । उनले पत्रकारहरुले श्रमजीवी पत्रकार ऐन अनुसार पारिश्रमिक नदिने सञ्चारमाध्मलाई कारबाही गर्नुपर्नेमा जोड दिइन् ।

रिभुवन विश्वविद्यालय, आमसञ्चार तथा पत्रकारिता केन्द्रीय विभाग प्रमुख प्राध्यापक चिरञ्जीवी खनालले विगतको पत्रकारिताको तुलनामा आजको पत्रकारिता माध्यमकारुपमा मात्रै फरक रहेको बताए।

पत्रकारले सिक्ने सिकाउने कार्य निरन्तर जारी राख्दै परिवर्तित समयमा सूचना तथा सन्देशलाई सहज र सलर ढंगले लक्षित समुदायसम्म पुऱ्याउन ध्यान दिनुपर्ने बताए । उनले महासंघलगायत सरोकार संस्थाले पत्रकारिताको क्षमता अभिवृद्धि र गलत सूचना संप्रेषण रोक्न पहलकदम लिन सुझाव दिए ।

महासंघका अध्यक्ष विपुल पोखेलले पत्रकारिताप्रति प्रश्न उठ्ने गरेको भन्दै त्यसबाट भाग्न नसकिने बताए ।

उनले सञ्चारमाध्यमका विषयवस्तुको विश्वसनीयतामा प्रश्न उठ्ने गरेको भन्दै प्रश्नहरुलाई स्वीकार गरी विश्वसनीयता कायम राख्नुपर्नेमा जोड दिए ।

उनले हिजोको पत्रकारिता अभ्यासका आधारमा गरिँदै आएको भन्दै आज पत्रकारिताका लागि अध्ययन र प्रविधियुक्त रहेकाले पत्रकारिता पेशामा अवसर र चुनौती दुबै रहेको बताए ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य एवं महासंघको पत्रकारिता तथा आमसञ्चार प्राज्ञिक विभागका संयोजक शन्तराम बिडारीले सञ्चारक्षेत्रमा देखिएका समस्या पहिचान र समाधानका लागि कार्यक्रम आयोजना गरिएको बताए । उनले पछिल्ला दिनमा पत्रकार तथा सञ्चारक्षेत्रप्रति बाह्र भाइ या पत्रकार बिक्रीमा भन्ने जस्ता सन्दर्भ प्रसंगले प्रश्न उठ्न थालेको भन्दै पत्रकार तथा सञ्चारमाध्यमले आत्मालोचना गर्दै सञ्चारमाध्यमका विषयवस्तुको विश्वसनीयतामा ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा पत्रकारिता अध्ययनरत विद्यार्थी तथा पत्रकार साथै सरोकारवालाहरुले आफ्नो अनुभव, प्रश्न र जिज्ञासा राखेका थिए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ, लेखा समिति संयोजक लेखनाथ न्यौपाने, केन्द्रीय सदस्यहरु रामकृष्ण अधिकारी, ज्ञानप्रसाद पौडेल, नविन रिजाल, प्रकाश धौलाकोटीलगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण महासंघका केन्द्रीय सदस्य एवं उक्त विभागका उप-संयोजक सुभाषप्रसाद साहले गरेका थिए ।

# जिल्ला अदालत हुम्लाद्वारा १४ वटा मुद्दा फछ्र्यौट



हुम्ला/मस- जिल्ला अदालत हुम्लाले हालसम्म १४ वटा मुद्दा फछ्र्यौट गरेको जनाएको छ । आइतबार आयोजित पत्रकार सम्मेलनमा श्रेस्तेदार कमलकुमार आचार्यले हाल अदालतमा ५८ वटा मुद्दा मात्र विचाराधीन रहेको भन्दै तीमध्ये ४० वटा मुद्दाको पेशी तोकिएको बताए ।

यस्तै उनले बाँकी १८ वटा मुद्दाको प्रक्रिया अगाडि बढाएर पेसी तोक्ने कार्य पनि चाँडै तोकिने बताए । यस वर्ष अघिल्लो वर्षबाट सरेका र यस वर्ष दर्ता भएका गरी ७२ वटा मुद्दा मात्र अदालतमा विचाराधीन थिए । तीमध्ये चैत ५ गतेसम्म १४ वटा मुद्दाको फछ्र्यौट भइसकेको बताए। पत्रकार सम्मेलनमा न्यायाधीश दिलप्रसाद पौडेलले हुम्ला भूगोलले ठूलो जिल्ला रहेको भन्दै मुद्दा, मामिला आइरहने हुँदा पत्रकारले पीडित र पीडकको सत्य तथ्य लेख्न आवश्यक रहेको बताए । त्यस्तै ठूला-ठूला मुद्दा पनि गाउँ घरमा मिलाउने प्रवृत्ति रहेको भन्दै उनले पीडित र पीडकका बीचमा प्रभावमा पर्दा समस्या हुने गरेको बताए ।

त्यस्तै प्रक्रिया मिलाउनुपर्ने बाहेक अन्य सबै खाले मुद्दालाई किनारा लगाउने गरी काम गर्न उनले कर्मचारीलाई निर्देशन समेत दिए। वैतनिक वकिल राजन चन्दले महिला बढी पीडित हुने भन्दै हुम्लामा हरेक महिला महिलामा न्याय दिनेतर्फ लागिरहेको बताइन्। पत्रकार महासंघ जिल्ला अध्यक्ष राजन रावतले आफूहरुले न्यायको पक्षमा कलम चलाउने बताए ।

## मार्सी धानको खेती शुरु

# कुलो र नहर पुनर्निर्माण नहुँदा किसान चिन्तित

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १२ चैत



जुम्लामा मात्र उत्पादन हुने विश्वको लोकप्रिय काली मार्सी धानको खेती शुरु भएको छ। प्रत्येक वर्ष चैत १२ गतेबाट यो धानको खेती शुरु हुने गरेको छ । मार्सी धान नेपालका साथै बाह्य मुलुकमा पनि लोकप्रिय बन्दै गइरहेको छ ।

जुम्लाका किसानले धानको बिउ बोराको पानीमा भिजाएर राख्ने दिनलाई धान उत्पादनको शुरुवातीका रूपमा लिने गरेका छन् ।

त्यस्तै जिल्लाका हिमा गाउँपालिका १ दिवरगाउँका स्थानीय दत्तबहादुर शाहीले यो पटक धान रोपाइँ नहुने बताए । गत कात्तिकको तेस्रो साता परेको अबिरल वर्षाका कारण सिँचाइका लागि बनाइएको कुलो बाढीले बगाइसकेकाले केही ठाउँमा मात्रै धान रोपाइँ हुने उनले बताए ।

जुम्लाका केही किसानहरुले आइतबार काली मार्सी धानको बिउ भिजाएपनि आफूहरुले मार्सी धानमा कुलो र नहरहरु पुनःनिर्माण नभएका कारण धानको बिउ भिजाउन नपाएको उनले गुनासो गरेका छन् ।

हरेक वर्ष चैत १२ गते बिउ बोरामा राखेर पानीमा भिजाउने, १६ गते बाहिर निकाल्ने, २० गते ब्याड अर्थात् बेर्नामा छर्ने जुम्लाको शैक्षिक क्यालेन्डर छ । हरेक वर्ष चैत २० गते कर्णालीका केही जिल्लामा मार्सी धानको बिउ घरमै उत्पादन गरी बेर्ना छर्ने प्रचलन रहेको छ । चैत १२ गतेलाई जुम्लाको परम्परागत चलनअनुसार बारुवा पनि भन्ने गरिन्छ । तर जुम्लाको हिमा गाउँपालिका वडा नम्बर १ का वडा अध्यक्ष रतनबहादुर शाहीले सरकारले धान दिवसको दिन विदा दिएपनि यहाँको वडा नम्बर १ का स्थानीयले धान भिजाउन नपाएको बताए । उनले मार्सी धानका फाँटहरु बगरमा परिणत भएको बताए । खेतमा पानी लगाउने कुलो र नहरका नाम निसाना नै रहेका छैनन् ।

मार्सी धान खेतीबारे चन्दननाथ बाबाले पुस्तक लेखेको संस्कृतविद् रमानन्द आचार्यले बताए । उक्त पुस्तकमा काली मार्सीको इतिहास उल्लेख छ । नेपालमा असार १५ गते धान दिवस मनाउने गरिएपनि कर्णाली प्रदेश सरकारले जुम्ला जिल्लामा हरेक वर्ष चैत १२ गते धान दिवसको सार्वजनिक बिदा दिने गरेको छ ।

त्यस्तै ऊर्जा विकास तथा सिँचाइ कार्यालय जुम्लाका प्रमुख अनुप श्रेष्ठकाअनुसार जुम्लाभरी विपदले खेतीयोग्य जमिन र कुलो बगाएको छ ।

उनका अनुसार कार्यालयमा ३४ वटा सिँचाइ कुलो बगाएको निवेदन आएको छ । कर्णाली प्रदेश भौतिक पूर्वाधार तथा ऊर्जा विकास मन्त्रालयमा ३४ वटा कुलाको योजना निर्माणका लागि पठाइएको छ ।

बाढीले प्रभावित भएका क्षेत्रमा यस पटक धानखेती गर्न कठिन देखिएको छ । जुम्लामा दुई हजार ९ सय ५० हेक्टरमा धान खेती हुने गरेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख गणेशबहादुर अधिकारीले बताए । असोजमा आएको बाढीपहिरोले धान रोप्ने खेतका सिँचाइ कुलोमा क्षति भएको छ । जिल्लाका आठवटै स्थानीय तहमा मार्सी धानको खेती हुने गरेको छ । उक्त धान पाक्न सात महिना लाग्छ । चैतमा बिउ भिजाएर १६ चैतमा बिउ उतारेर सुकाउने अनि तातो कुनामा राखेर पातीले छोप्ने, १८ देखि २० चैतसम्म हिल्याएको माटो पिँधमा बसेपछि छरिसक्नु पर्छ । वैशाख १ मा बेर्नाको पानी सुकाउने चलन छ । त्यसपछि बिउ हरियो हुन्छ । भेडाबाखाको धूलो मल, कालो कोइला, घर बढारेको कसिङ्गर चालेर मलकारूपमा हालिन्छ। कृषि विकास कार्यालयका अनुसार एक महिना १० दिनपछि बेर्ना रोपाइँ गर्न मिल्नेछ ।

# तत्कालीन जिशिअसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बैतडीका तत्कालीन जिल्ला शिक्षा अधिकारी अमरप्रसाद भट्टसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। जिल्ला शिक्षा कार्यालय बैतडीका तत्कालीन जिशिअ भट्टले नियुक्ति नै नभएको व्यक्तिलाई झुटो सरुवापत्रको आधारमा शिक्षक कायम गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका आधारमा आयोगले अनुसन्धान गरेको थियो ।

भट्टले नियुक्तिपत्र नै नभएको गैरशिक्षक मनकाकुमारी अवस्थीलाई हुनैनाथ आधारभूत विद्यालय सल्सेनाको व्यवस्थापन समितिबाट नियुक्ति भएको भनी विना कुनै कागजात नियुक्तिको अभिलेखीकरण गर्न प्राविधिक सहायकलाई टिप्पणी उठाउन लगाई आफै स्वीकृत गरी उक्त विद्यालयबाट बलैराज निम्न माध्यमिक विद्यालय सुनखोलामा सरुवा गरी तलबलगायतका सुविधाहरु निकासा दिई जिल्ला शिक्षा अधिकारीको पद तथा ओहदाको दुरुपयोग गरी सार्वजनिक सम्पत्तिको आयोगको ठहर छ ।

उनले बदनियतपूर्वक ७४ हजार ९ सय २० रुपैयाँ हानिनोक्सानी गराएकोले सोही बराबरको बिगो मागदाबीसहित आरोप पत्र दायर गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

प्रवक्ता दाहालका अनुसार आयोगले तत्कालीन जिशिअ भट्टसहित, मनकाकुमारी अवस्थी, जिल्ला शिक्षा कार्यालय बैतडीका तत्कालीन प्राविधिक सहायक स्वर्गीय सञ्जय ठाकुर दनुवार, तत्कालीन स्रोतव्यक्ति हरिनाथ, बलैराज निमावि बैतडीका प्रधानाध्यापक नरबहादुर कुँवर र बलैराज निमावि बैतडीका व्यवस्थापन समितिका अध्यक्ष जयराज जोशीविरुद्ध पनि विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ ।

# ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**सिरहा/मस-** सिरहामा ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ परेका छन् । पक्राउ पर्नेमा सुखीपुर नगरपालिका वडा नं. ८ का ४२ वर्षीय रामचन्द्र गोसाई रहेका छन् । गोसाईले गोलबजार नगरपालिका वडा नं. ३ जमनटोकीस्थित आईसक्रिम फ्याक्ट्रीमा काम गर्ने ३५ वर्षीय श्याम सुन्दर गोसाई र उनका दाई ४२ वर्षीय रामचन्द्र गोसाईलाई कुटपिट गरेका थिए । कुटपिटबाट श्याम सुन्दर गोसाईको टाउको तथा शरीरको विभिन्न भागहरुमा गहिरो चोट लागेको थियो। उनको विराटनगर अस्पतालमा उपचार हुन नसकेपछि रा.उ. स्मारक अस्पताल लहानमा लगिएको थियो । उपचारका क्रममा २०७८ मंसिर १० गते श्याम सुन्दरको मृत्यु भएको थियो ।

सो पश्चात रामचन्द्र गोसाई भने फरार भएका थिए । फरार गोसाईलाई कन्चनपुर महेन्द्रनगर स्थित नेपाल भारत सीमा क्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । पक्राउ परेका गोसाईलाई कर्तव्य ज्यान मुद्दामा सिरहा जिल्ला अदालतबाट दिन ७ (सात) दिनको म्याद थप गरी इलाका प्रहरी कार्यालय गोलबजारले थप अनुसन्धान गरिरहेको छ ।

### एमालेको...

न्यायको काम सम्पन्न गर्नुपर्ने सबै राजनीतिक दलको दायित्व रहेको उनको भनाई छ । तर, नेकपा एमाले संसदीय दलका सचेतक महेस बर्तौला विधेयकको विपक्षमा बोले । उनले भने संक्रमणकालीन न्याय टुंग्याउन त्यतिबेलाका द्वन्द्वरत पक्ष माओवादी र कांग्रेस नेताहरुले नै आलटाल गरेको आरोप लगाए ।

१६ वर्षसम्म लम्बिएको विषय फेरी पनि अनन्तकालसम्म लम्ब्याउने उदेश्यले विधेयक आएको आरोप लगाउँदै बर्तौलाले भने, 'अघि माननीय मन्त्रीज्यूले विधेयक पेश गर्दै गर्दा सत्ता र प्रतिपक्षको विषय होइन भन्नुभयो, तर सिंगो देश र हाउसको विषय बनाउन नचाहेको देखिन्छ ।'

एमालेकै सांसद रघुजी पन्तले संक्रमणकालीन न्याय सम्बन्धी विधेयकले दिगो समाधान दिन्छ कि दिंदैन भनी प्रश्न गरे। उनले भनेका छन्, 'यो विधेयक समस्याको साँचो समाधान, दीर्घकालीन समाधान गर्नको लागि हो कि टालटुले गरेर झारा टार्नको लागि मात्रै हो भन्ने प्रश्न खडा भएको छ ।'

संक्रमणकालीन न्याय सबैको सहमतिमा अगाडि बढाउनुपर्ने र त्यस अनुसार सरकारले व्यवहार गर्नुपर्ने उनको भनाइ छ । सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा ६० हजार उजुरी रहेको भन्दै पन्तले आगामी दुई वर्षमा ६० हजार उजुरीको छानबिन सकिनेमा आशंका गरे । 'हतार हतारमा यो समस्यालाई टालटुल पार्नु उचित होइन' उनले भने, '६० हजार उजुरी के हुन्छ ?' राप्रपाका सांसद ज्ञानेन्द्र शाहीले पनि विधेयकको अन्तरवस्तु ठिक नभएको धारणा राखे । युद्धमा पक्ष-विपक्ष हुने तर, कुनै पनि पक्षमा नलागेका पीडितले न्याय पाउनुपर्ने विषयलाई विधेयकले स्वीकार्न नसकेको बताए ।

### अलपत्र...

आग्रह समेत गरेका छन्। हाल काठमाडौंको मूलपानीमा निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला केही वर्षदेखि अलपत्र परेको छ । त्यस्तै, कर्णालीमा हालसम्म क्रिकेटको एउटै रंगशाला समेत निर्माण हुन सकेको छैन भने जग्गा खोज्नका लागि बल्ल समिति गठन भएको छ । त्यस्तै, ०७१ मा निर्माण थालिएको बैतडीको रंगशाला पनि अलपत्र पर्दै आएको छ । देशभरि नै रंगशाला अलपत्र पर्दा रुपन्देहीमा अन्तर्राष्ट्रिय स्तरका दुई क्रिकेट रंगशाला निर्माण एकदमै सुस्त गतिमा अघि बढिरहेको छ । एक अर्ब ६३ करोडको रंगशाला बनाउन पोखरामा डिपिआर तयार भएपनि ६ वर्ष बित्दा समेत काम सुरु हुन सकेको छैन । यता, फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा सरकारले पूर्वाधार समिति बनाएपनि काम अघि बढ्न सकेको छैन । त्यस्तै, हेटौंडामा २५ हजार दर्शक क्षमताको क्रिकेट रंगशाला बनाउन डिपिआर तयार भएपनि काम अघि बढ्न नसक्दा पूर्वाधार अलपत्र परेको छ । सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा खेलकुद गतिविधि सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारको विकास नगर्दा र निजी क्षेत्रलाई प्रभावकारी रुपमा समेट्न नसक्दा खेलकुद तीव्र विकास हुन नसकेको विज्ञहरुले बताउँदै आएका छन् ।

तसर्थ, खेलाडीको मनोबल उच्च बनाउन सरकारले पुर्वाधार निर्माण र नीति कार्यान्वयनमा ध्यान दिनु अत्यावश्यक देखिन्छ ।

### विदेशमा...

उपलब्ध गराउने, त्यसको सम्पूर्ण खर्च पनि बोर्ड आफैंले व्यहोर्ने भन्दै सेवा पूर्णतः निःशुल्क रहने बताएको छ ।

टेलिमेडिसिन सेवा लिन चाहने वैदेशिक रोजगारीमा रहेका कामदारले चैत १५ गते अर्थात् मार्च २९ तारिखदेखि बिहान १० बजेबाट सार्वजनिक बिदाका दिनबाहेक नेपालको सरकारी कार्यालय समयबमोजिम सेवा प्रवाह गर्ने बोर्डले बताएको छ ।

बोर्डले सेवा लिन ९८५१३४५७०१ र ९८५१३४५७०२ मा रहेको भाइबर, हाट्सएप वा ईमो लगायतका सामाजिक सञ्जालबाट फोन गरेर आफ्नो समस्या बताउन सकिने र उक्त कल टेलिमेडिसिनका मेडिकल अधिकृतले प्राप्त गरी विशेषज्ञ सेवा आवश्यक परेमा मेडिकल अधिकृतको सिफारिसमा शुक्रबार र आइतबार वीर अस्पतालका चिकित्सकहरूले विशेषज्ञ सेवा दिने व्यवस्था मिलाइएको बोर्डले जानकारी दिएको छ ।

सरकारले गत वर्ष जेठ १५ गते आर्थिक वर्ष २०७९/८० को बजेट सार्वजनिक गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम घटाउँदै वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकलाई अनलाइन प्रणालीबाट टेलिमेडिसिन सेवा प्रदान गर्ने घोषणा गरेको थियो । संसदबाट बजेट पारित भएको करिब ९ महिनापछि टेलिमेडिसिन सेवा शुरूवात गर्न लागिएको हो । मन्त्रालयले गत फागुन २ गतेमात्र टेलिमेडिसिन सेवा सञ्चालन कार्यविधि २०७९ पारित गरी सार्वजनिक गरेको थियो ।

### रोकिएनन् ...

नदी बहाव, नदी उकास, नदी किनार र नदी करिडोरको सार्वजनिक क्षेत्रमा निर्माण तथा अनधिकृत रूपमा निर्माण भएका संचरना हटाउनका लागि काठमाडौं महानगरले ७ दिने अल्टिमेटमसहितको सूचना निकालेको छ । एक साताभित्र अनधिकृत संरचना नहटाए महानगरले हटाइदिने बताएको छ। जबर्जस्ती रुपमा संरचना हटाउन परे त्यसका लागि लाग्ने खर्च निर्माण गर्ने व्यक्तिबाट नै असुल गरिने पनि महानगरपालिकाले सूचना जारी गरेर बताएको छ ।

अर्थात, सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका अनधिकृत संरचना ७ दिनभित्र हटाउन चेतावनी दिइएको हो । तोकिएको समय अवधिमा नहटाइए महानगर आफैंले ती संरचना हटाउनेछ ।

'काठमाडौं महानगरपालिका क्षेत्रभित्रका नदी बहाव, नदी उकास, नदी किनार र नदी करिडोरको सार्वजनिक क्षेत्रमा संरचना निर्माण तथा अनधिकृत रूपमा कब्जा गरी भोगचलन गरिरहेका सम्बद्ध सबै सरोकारवालाहरूलाई ७ दिनभित्र ती संरचनाहरू हटाई अन्यत्र लैजान सूचित गरिन्छ।' महानगरले शनिबार निकालेको सूचनामा भनिएको छ ।

महानगरले पटकपटक सार्वजनिक जग्गा अतिक्रमण गरेर संरचना निर्माण गर्नेलाई हटाउन आग्रह गर्दै आएको छ ।

# नेपाली रमजान उपवासीलाई इफ्तार सामग्री वितरण

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १२ चैत



नेपालका लागि साउदी अरबियाका राजदूत साद बिन नासेर अबुहैमेदले इफ्तार सामग्री वितरण गरेका छन्। इफ्तार सामग्री वितरण कार्यक्रमको उद्घाटन साउदीका राजा सलमान बिन अब्दुल अजीज अल साउदले गरेका हुन्। रमजानको अवसरमा खाजा र ५ टन खजुर उपवास बस्नेहरुलाई वितरण गरिएको राजदूत अबुहैमेदले बताए । इस्लाम र मुस्लिमहरूको सेवा गर्ने उद्देश्यले इफ्तार सामग्री वितरण गरिएको उनले बताए। विश्वका धेरै देशमा साउदी अरबको मानवीय र इस्लामिक कार्य बलियो बनाउने सन्देशलाई मूर्तरूप दिने उनको भनाइ छ ।

यस पवित्र महिना रमजानको अवसरमा दुई पवित्र मस्जिदका संरक्षक राजा सलमान बिन अब्दुलअजीजबाट यो उपहार प्रस्तुत गरिएको उनले जानकारी दिए। यो इस्लाम र मुस्लिमहरूको सेवा गर्न र रमजानको महिनामा उनीहरूको आवश्यकतालाई पूरा गर्न इफ्तार सामग्री वितरण गरिएको उनले बताए ।

इफ्तार सामग्री वितरण कार्यक्रममा नेपाली उपवासीका लागि नेपालका इस्लामिक संघसंस्था तथा संस्थाका पदाधिकारी, परोपकारी संस्था, मस्जिदका पदाधिकारी, इस्लामिक मामिला मन्त्रालयको उपस्थिति रहेको थियो ।

शेख अब्द अल-लतिफ बिन अब्द अल-समद अल-कातेबले प्रतिनिधित्व गरेको कार्यक्रममा खजुरको उपहार र इफ्तार कार्यक्रमका लाभार्थीहरूले दुई पवित्र मस्जिदका संरक्षक राजा सलमान बिन अब्दुल अजीज र युवराज मोहम्मद बिन सलमानलाई धन्यवाद दिँदै प्रशंसासमेत गरेका थिए ।

# मिसन ग्रासरुटमार्फत एमाले एक्लैले ५१ प्रतिशत ल्याउँछ : अध्यक्ष ओली




**राम खड्का/मध्यान्ह**
अर्घाखाँची, १२ चैत

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मिसन ग्रासरुटमार्फत एमाले एक्लैले ५१ प्रतिशत ल्याउने दावी गरेका छन् ।

नेकपा एमाले जिल्ला कमिटी अर्घाखाँचीले सन्धिखर्कमा गरेको मिसन ग्रासरुट अभियान अन्तर्गत कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले हरेक वडा, पालिका, प्रदेश र संघमा सबै निर्वाचनमा ५१ प्रतिशत बढी ल्याउने गरी एमाले संगठन निर्माणमा लागेको बताए । त्यसका लागि पार्टी भित्रको अन्तरविरोध हटाउनुपर्नेमा उनको जोड थियो ।

अध्यक्ष ओलीले एमालेलाई अहिले चारैतर्फबाट घेराबन्दी भएको बताएका छन् । राष्ट्र र राष्ट्रियताको पक्षमा एमाले खरो रुपमा प्रस्तुत भएकाले सबैले घेराबन्दी गरेको उनले दाबी गरे ।

'हामीविरुद्ध घेराबन्दी गरिएको छ । एमालेले जतिबेला सरकारको नेतृत्व गर्ने मौका पायो त्यो बेला नै राम्रो काम गरेकाले अहिले पार्टीलाई घेराबन्दीमा पारिएको छ,' उनले भने, 'अब अरु दलहरु एकातिर र एमाले अर्कोतिर भएपनि आउँदो चुनावमा जनताको रोजाईको पार्टी एमाले नै बन्ने छ । तल्लो तहसम्मको जनतासम्म पुग्न पार्टीले ग्रासरुट अभियान संचालन गरेको छ ।'

एमालेको बढ्दो लोकप्रियता र जनलहरलाई रोक्न प्रतिक्रियावादीको चलखेल हुन सक्ने भन्दै ओलीले सचेत रहन पनि कार्यकर्ताहरूलाई निर्देशन दिए ।

फरक प्रसंगमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई लक्षित गर्दै ओलीले भने, 'झण्डै दुईतिहाइ कम्युनिष्ट सरकार फुटाल्नेलाई मति बिग्रेको मान्छे सप्रिन्छ कि भनेर सरकार बनाइदिएपनि काम लागेन ।' साथै सरकार बनाइदिएको भोलिपल्टबाटै चालामाल ठीक नभएको र सरकार ढाल्न लागि परेको उनको भनाइ थियो । 'समृद्ध नेपाल सुखी नेपाली'को नारालाई सार्थकता दिलाउन अन्तरविरोध गरेर भोट नदिने कार्य नगर्न कार्यकर्तालाई उनले आग्रह समेत गरे । अध्यक्ष ओलीले अर्घाखाँचीमा भएका विभिन्न धार्मिक स्थलहरुमा अवलोकन भ्रमणसँगै दर्शन समेत गरे । यस्तै जिल्लाको प्रसिद्ध धार्मिक स्थल सुपादेउराली मन्दिर र अर्घा भगवती मन्दिरको ओलीले दर्शन गरेका थिए ।

हुम्ला डायरी
ओबराज शाही/मध्यान्ह

# एक हजार २ सय ३४ विद्यार्थीले एसईई परीक्षा दिँदै



चैत १७ गतेबाट सञ्चालन हुन लागेको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा हुम्लाका १ हजार २ सय ३४ जना विद्यार्थी सहभागी हुँदै छन् । हुम्लाका ६ वटा परीक्षा केन्द्रबाट १ हजार २ सय ३४ जना विद्यार्थी एसईईमा सहभागी हुन लागेको शिक्षा विकास तथा समन्वय इकाई हुम्लाका प्रमुख तिलक भट्टराईले जानकारी दिए । कोरोना महामारीपछि जिल्लाबाहिर अध्ययन गर्दै आएका विद्यार्थी जिल्लामै फर्किएर पढ्न थालेपछि परीक्षार्थीको संख्या बढी देखिएको भट्टराईले बताए ।

सिमकोट गाउँपालिकाका २ केन्द्र बालमन्दिर माविमा २ सय ५६ जना र मानसरोवर माविमा १ सय ८० जना विद्यार्थी एसईईमा सहभागी हुनेछन् । सर्केगार्ड गाउँपालिकाका हिमज्योति माविमा २ सय ५३ जना र कोटमावि रोडिकोटमा १ सय ४८ जना विद्यार्थी एसईईमा सहभागी हुनेछन् । यस्तै अदानचुली गाउँपालिकाको सूर्योदय मावि श्रीनगरमा १ सय ५७ जना र ताँजाकोट गाउँपालिकाको मदानादेव मावि पाँदामा २ सय ४० जना विद्यार्थी एसईईमा सहभागी हुँदैछन् ।

हुम्लाबाट ६ सय ६० जना छात्र र ५ सय ७४ जना छात्राले एसईई परीक्षा दिँदैछन् । जसमा साधारणतर्फ १ हजार १ सय ४८ जना, प्राविधिकतर्फ ८० जना र ग्रेडवृद्धितर्फ ६ जना परीक्षार्थी रहेका छन् । यस्तै १ हजार २ सय २८ जना नियमित र ६ जना साधारणतर्फको ग्रेडवृद्धिका परीक्षार्थी रहेको प्रमुख भट्टराईले बताए । गत वर्ष हुम्लाबाट १ हजार १ सय ३६ जना विद्यार्थीले एसईई परीक्षा दिएका थिए ।

# हवाई सेवा अवरुद्ध हुँदा खाद्यान्न अभाव

हिमाली जिल्ला हुम्लामा एकमात्र यातायातको साधन हवाई सेवा अवरुद्ध हुँदा दैनिक उपभोग्य वस्तुसहित विकास निर्माणमा बधा पुगेको छ । मौसमका कारण हवाई सेवा अवरुद्ध हुँदा गाउँघरबाट सदरमुकाममा दैनिक उपभोग्य सामन र निर्माण विकासका सामग्री लिने पुग्ने उपभोक्ताहरु खोजेको सामन नपाउँदा मारमा परेका छन् ।

हुम्लामा वर्षाका कारण हवाई सेवा अवरुद्ध भएको हो । जसका कारण बजारमा तरकारी, माछा, मासु, अण्डा, तेललगायतका दैनिक भान्सामा चाहिने वस्तु अभाव भएको व्यापारी मेगराज शाहीले बताए । उनले पैदल मार्गबाट दैनिक भान्सामा प्रयोग हुने सामन नआउने हुँदा बजारमा उपभोग्य वस्तुको अभाव भएको बताए । यस्तै विकास निर्माणमा प्रयोग हुने छड, सिसा, किला, कब्जाजस्ता सामग्री बजारमा अभाव भएको स्थानीय पदम शाहीले बताए ।

त्यस्तै लोक सेवा आयोगको विभिन्न पदमा परीक्षा दिन जाका लागि सिमकोट विमानस्थल पुगेकाहरु पनि हवाई सेवा अवरुद्ध हुँदा घर फर्किनु परेको छ । यस्तै जिल्ला बाहिरबाट आउनका लागि हातमा हवाई टिकट लिएर बसेका यात्रुहरु पनि हवाई सेवा अवरुद्ध हुँदा आउन पाएका छैनन् ।

सिमकोटका स्थानीय अबि लामाले राष्ट्रिय सडक नजोडिँदासम्म हुम्ली नगरिकले सास्ती पाहिरहने बताए । हुम्लामा राष्ट्रिय सडक जोड्न स्थानीय, प्रदेश र संघीय सरकारले चासो देखउन जरुरी रहेको बताउँदै अर्का स्थानीय भागिन्द्र शाहीले सडक निर्माण भए हुम्लाका नागरिकले सास्ती खेप्नु नपर्ने बताए ।

हुम्लाको मध्य क्षेत्रका चार वटा गाउँपालिकामा सडक जोडिएको भएपनि नियामित नहुँदा समस्या उस्तै छ । यता माथिल्लो क्षेत्रका तीन वटा गाउँपालिकामा राष्ट्रिय सडक जोडिन अझै तीनदेखि चारवर्ष लाग्ने देखिएको छ । त्यस्तै दुर्गम हुम्लामा सरकारले ढुवानीमा अनुदानमा दिँदै आएको खाध्य पनि ढुवानी हुनबाट रोकिएको छ । शनिबार पनि मौसमका कारण हवाई सेवा अवरुद्ध भएको विमानस्थल कार्यालयले जानकारी दिएको छ ।

नेत्रज्याति संघ ४५ औं वर्षमा

# दुई लाख बढीको आँखा शल्यक्रिया

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ चैत

वि.सं. २०३५ सालदेखि दृष्टिविहीनहरुको सेवामा तल्लिन नेपाल नेत्रज्याति संघ ४५ औं वर्षमा प्रवेश गरेको छ । ४४ जिल्लामा आफ्नो सेवा विस्तार गरेको यस संघले नेपालका हरेक क्षेत्रलाई समेट्ने गरी २७ आँखा अस्पताल एवं १ सय ५० आँखा उपचार केन्द्र स्थापना गरिसकेको छ ।

नेपाल सरकारको सहयोगमा यस संस्थाले सन् २०२२ सम्ममा आफ्नो मातहतका आँखा अस्पताल, उपचार केन्द्रहरुका साथै विभिन्न बाह्य कार्यक्रमका माध्यमबाट कुल ३० लाख ७ हजार २ सय ९१ जनाको आँखा जाँच तथा उपचार गरेको छ । साथै २ लाख ७२ हजार ९ सय ५० जनाको आँखाको शल्यक्रिया गर्न सफल भएको छ । दृष्टिविहीनको सेवामा दशकौ बिताइसकेको नेत्रज्याति संघले चुनौती पनि उत्तिकै पार गरेको संघका महासचिव भरतबहादुर चन्द बताउँछन् ।

डा. रामप्रसाद पोखरेललगायतका नौ जनाको टोलीको सक्रिय भूमिकाका कारण संस्था नेपालकै उत्कृष्ट आँखा उपचारको रुपमा परिचित भएको महासचिव चन्दले बताए । 'हैजा, दादुराजस्ता महामारीबाट देश गुज्रिरहेको अवस्था थियो, दक्ष जनशक्ति पनि पर्याप्त थिएन, तर हामीले ती चुनौतीका बाबजुद जनताको सहभागितामा जोड दिएर गुणस्तरीय सेवा प्रदान गरिरह्यौं र सफल भयौं', महासविच चन्दले भने । संघको आँखा उपचार सेवालाई विश्वव्यापी रुपमा फैलाउन 'मेडिकल टुरिजम' को अवधारणा अघि सारेको महासचिव चन्दले बताए ।

यसैगरी, संघले विश्व स्वास्थ्य संगठन(डब्लूएचओ) को मापदण्डका आधारमा सन् २०१९/२० मा नेपालमा अन्धोपनको पछिल्लो अवस्थाको जानकारी प्राप्त गर्न 'र्‍यापिड एसेसमेन्ट अफ एभोइडेबल ब्लाइन्डनेस सर्वे' गरेको छ । उक्त सर्वेको निष्कर्ष अनुसार नेपालमा अन्धोपनको स्थिति सन् १९८१ को ०.८४ प्रतिशतबाट घटेर सन् २०२० मा ०.२८ प्रतिशतमा झरेको पाइएको थियो । १९८१ मा झण्डै १०० जनामध्ये १ जना दृष्टिविहीनताको स्थिति रहेकोमा करिब ४० वर्षपछि सन् २०२० को सर्वेक्षणबाट दृष्टिविहीनताको स्थितिलाई घटाएर ३ सय ५८ जना बराबर १ जनामा ल्याउन सफल भएको संघले जनाएको छ । हजारौं स्वयम् सेवक तथा कर्मचारीहरुमार्फत नेपाल सरकार स्वास्थ्य मन्त्रालयसँगको सहकार्य, निर्देशन, राष्ट्रिय तथा अन्तरर्ाष्ट्रिय विकास साझेदारहरु, प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय जनसमुदाय एवं दाताहरुको उल्लेख्य साथ र सहयोगमा आँखा स्वास्थ्य सेवालाई हिमाली क्षेत्रका विकट गाउँहरुदेखि पूर्व मेची र पश्चिम महाकालीसम्मका सर्वसाधारणलाई सहज र सर्वसुलभ उपचार सेवा पुऱ्याउने कार्यमा नेपाल नेत्रज्योति संघले अग्रणी भूमिका खेल्दै आएको संघका कार्यकारी निर्देशक डा. शैलेश कुमार मिश्रले जानकारी दिए ।




सन् २०२२ मा संघले विद्यालय आँखा जाँच कार्यक्रममार्फत सन् २०१८ देखि २०२२ सम्ममा देशका विभिन्न विद्यालयहरुमा अध्ययनरत १० लाख भन्दा बढी विद्यार्थीहरुको निःशुल्क आँखा जाँच गरी हजारौं विद्यार्थीहरुलाई निःशुल्क चश्मा वितरण गरिसकेको र ५ सय ५० जना विद्यार्थीहरुको निःशुल्क शल्यक्रिया समेत गरेको संघले जनाएको हो । संघका प्रवक्ता कृष्ण भट्टराईका अनुसार नेपाल सरकारको सहयोग र निर्देशनमा संघले 'राष्ट्रिय ट्रकोमा' कार्यक्रम संचालन गरी नेपाललाई विश्व स्वास्थ्य संगठनबाट दक्षिणपूर्वी एशियाली क्षेत्रमा नै जनस्वास्थ्य समस्याको रुपमा रहेको ट्रकोमा रोग निवारण गर्ने पहिलो देशको रुपमा सम्मानित गराएको थियो । पछिल्लो समयमा संघले आँखासम्बन्धी विशेषज्ञहरुको उत्पादनमा समेत विशेष ध्यान दिँदै आएको प्रवक्ता भट्टराईले बताए ।

आँखा उपचारमा नै सेवा दिँदै आएको संघले वि.सं. २०६९ देखि कानसम्बन्धी उपचार सेवा पनि विस्तार गरेको प्रवक्ता भट्टराईले जानकारी दिए । 'सिबिएम'को आर्थिक सहयोगमा कर्णाली प्रदेशमा एकीकृत आँखा तथा कान परियोजना सञ्चालनमा छ, जसले सन् २०२२ मा मात्र कर्णाली प्रदेशको दुरदराजमा पुगेर ३ हजार भन्दा बढी बिरामीहरुको निःशुल्क शल्यक्रिया गरेको छ', प्रवक्ता भट्टराईले भने ।

विभिन्न समयमा संघले अनुसन्धान कार्य पनि गराउँदै आएको जनाइएको छ । विश्व स्वास्थ्य संगठन, यूनिसेफ, यूएसएड र नेपाल सरकारको सहयोगमा संघले गराएको अनुसन्धानकै परिणामका आधारमा सरकारले 'भिटामिन ए'कार्यक्रम शुरु गरेको पनि संघले जनाएको हो ।

यस कार्यक्रमले 'भिटामिन ए' को कमीबाट हुने अन्धोपनका साथै बाल मृत्युदरमा उल्लेख्यनीय कमी आएको संघले जनाइएको छ ।

यस्तै ४५औं नेत्रज्योति दिवसको अवसरमा 'हाम्रो कर्तव्य, हाम्रो जिम्मेवारी, आँखा सेवामा साझेदारी' भन्ने नारा तय गरिएको छ । यस नारालाई साकार पार्न संघले विविध कार्यक्रमको आयोजना समेत गरेको छ । नेपालको संविधान २०७२ ले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रुपमा उल्लेख गरेको तथा विश्व स्वास्थ्य संगठनले आँखा स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको रुपमा ग्रहण गरेको सन्दर्भमा, सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम उपलब्ध श्रोत र साधनको अधिकतम परिचालन गरी हालसम्म प्राप्त उपलब्धिहरुलाई संरक्षण गर्दै राष्ट्रिय आँखा स्वास्थ्य रणनीतिलाई समेत आत्मसाथ गर्दै आँखा उपचार सेवालाई हरेक स्थानीय निकायहरुसम्म पुऱ्याउने लक्ष्य लिएको संघले जनाएको छ ।

## सगरमाथा क्लीनीङ सर्भिसेज प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/०५ मा दर्ता भएको **प्रा.लि.नं. १९९२४५/०७५/०७५**को **सगरमाथा क्लीनीङ सर्भिसेज प्रा.लि**.को मिति २०७९/१२/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/१३**
Brihaspati Agro (**प्रा.लि.**) को मिति २०७९/१२/१० मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बृहस्पति इन्टरप्राइजेज प्रा.लि. (प्रा.लि.नं.: ५४३६४)** साथै साविक ठेगाना परिवर्तन गरी ललितपुर जिल्ला, ललितपुर म.न.पा.–२३ कायम गर्ने गरी मिति २०७९/१२/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नौमूले गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**नौमूले, दैलेख**
**कर्णाली प्रदेश, नेपाल ।**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०७९/१२/१३)**

यस कार्यालयबाट मिति २०७९/११/०८ गते जन सवाल राष्ट्रिय दैनिक र सार्वजनिक खरीद अनुगमन कार्यालयको e-GP Portal मा प्रथम पटक प्रकाशित निम्न निर्माण कार्यको लागि बिद्युतिय बोलपत्र (E-Bidding) आव्हानको सूचना अनुसार रित पुर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्यांकनमा तपशिल फर्मले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही रहि स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| बोलपत्र नं. र योजनाको विवरण | फर्मको नाम र ठेगाना | कबोल रकम (मु.अ. कर र PS सहित) |
|---|---|---|
| NCB/NRM/W/03/DJK/079/080 Construction of Dwari, Jharana, Krishi Road. [द्वारी, झरना, कृषि सडक निर्माण], वडा नं. ३ द्वारी | Vius Nirman Sewa, Birendranagar-3, Surkhet | रु.४२,८०,६६३।०८ (अक्षरुपीः बयालिस लाख असि हजार छ सय त्रिसठ्ठी रुपैयाँ शुन्य आठ पैसा मात्र ।) |

**प्रमुख प्रशासकीय अधिकृत**



मध्यान्ह
www.madhyanhadaily.com

१३ चैत २०७९, सोमबार
27 March 2023, Monday

## सम्पादकीय

# जुट्नुपर्ने राष्ट्रिय सहमति

सरकारले अगाडि बढाएको बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो विधेयक)–२०७९ माथि संसदको छलफलमा सहभागी सांसदहरूले आ–आफ्नो दलीय धारणा राखेका छन् । आइतबार सांसदहरूले विधेयकमाथि सहभागी हुँदा आफ्नो दलीय अडान समेत प्रष्ट पारेको देखिन्छ । त्यसको उदाहरणका रूपमा सत्तारूढका तर्फबाट नेकपा माओवादी केन्द्रका उपमहासचिव शक्तिबहादुर बस्नेत र प्रमुख विपक्षी दलका तर्फबाट नेकपा एमालेका स्थायी कमिटी सदस्य रघुजी पन्तको अभिव्यक्तिले प्रष्ट पार्छ । बस्नेतले द्वन्द्वकालीन मुद्दालाई फौजदारी न्यायको सिद्धान्तमा आधारित भएर हेर्न नहुने तर्क गरे । पीडितलाई न्याय दिने, परिपूरणको व्यवस्था गर्ने र फेरि मुलुकको द्वन्द्व आउन नदिनेगरी संक्रमणकालीन न्याय टुंगोमा लैजानुपर्ने उनको तर्क थियो ।

सँगै, शान्ति प्रक्रिया र अन्तरिम संविधानलाई समेत बस्नेतले सम्झिदै फौजदारी न्यायको सिद्धान्तले मुलुकलाई सही बाटोमा नलैजाने चेतावनी दिए । तर एमालेका पन्तले भने संक्रमणकालीन न्यायलाई निकास दिनेगरी विधेयक नआएको तर्क गरे । संसदमा पन्तले प्रश्न गरे– हतार गर्दैमा हुँदैन, न्यायका निम्ति परेको ६० हजार उजुरीको के हुन्छ ? अहिले सरकारले ल्याएको विधेयकको उद्देश्य हतारमा झारो टार्नेतिर उद्दत रहेको उनको तर्क छ । बस्नेत र पन्त भन्दा अरू सांसदहरूको तर्क पनि सत्ता र विपक्षको भूमिका बाहेक अरू धेरै भिन्न देखिदैन । यसको अर्थ संक्रमणकालीन न्यायलाई निकासमा लैजाने भनेर आएको विधेयकप्रति दलहरूबीच एकमत देखिदैन । जबकी शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउने दायित्व अमूक नेता विशेषको मात्रै होइन ।

त्यसैले यो विषयमा राष्ट्रिय सहमति आवश्यक छ । घटनाको निष्पक्ष छानबीन मार्फत पीडितलाई न्याय दिनु नेतृत्वको दायित्व हो । तर संक्रमणकालीन न्यायलाई नेतृत्वले राजनीतिक हतियार बनाएको आशंका छदैछ । सदावहार सार्वजनिक भाषण शान्ति प्रक्रिया भन्ने, अनि निकासमा लैजान भने आवश्यक पहल कदमी नलिने प्रवृत्ति नौलो होइन । यसरी नै शान्ति सम्झौताको डेढ दशक बितिसकेको छ । तर सत्ता र शक्तिका निम्ति राष्ट्रिय सहमति जुटाउने दलहरूबीच शान्ति प्रक्रिया जस्तो महत्वपूर्ण विषयमा मतभेद देखिने गरेको छ । संक्रमणकालीन मुद्दासँग जोडिएका नेताहरूले फेरि मुलुकलाई अशान्तिको चेतावनी दिने अनि अरू नेताहरूले पीडितलाई देखाएर अडान लिने प्रवृत्तिले निरन्तरता पाउँदै आएको छ । अहिलेको राजनीतिक समीकरणले पनि त्यही प्रवृत्तिको पुनरावृत्ति हुने खतरा देखिदैछ । तर दलहरूले एकपटक विवेकपूर्ण निर्णय लिन आवश्यक छ, पीडितलाई न्याय दिएर मुलुकलाई निकास दिन कतैबाट पनि अवरोध गरिन हुन्न ।

सन्दर्भ : नेत्रज्योति संघको स्थापना दिवस

# दृष्टिविहीनलाई संसार देखाउँदै नेत्रज्योति

अग्रलेख



● कृष्ण भट्टराई

४४ वर्षअघि अर्थात् वि.सं. २०३५ साल चैत्र १३ गते नेपाल नेत्रज्योति संघको स्थापना भएको थियो । आम नेपाली जनताहरुले सस्तो र सुलभ मूल्यमा गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रवाह गर्ने उद्देश्यले स्थापित संघले नेपालको आँखा उपचारको क्षेत्रमा महत्वपुर्ण भूमिका निर्वाह गरेको छ । आजभन्दा पाँच दशक अघिसम्म नेपालमा आँखाको उपचार पनि हुन्छ भन्ने चेतना समाजमा रहेका शिक्षित तथा जाने बुझेका मानिसहरुमा समेत थिएन । सामान्य ग्रामिण क्षेत्रका मानिसहरुको पहुँचमा अन्य स्वास्थ्य सेवासमेत नपुगेको अवस्थामा आँखाको उपचारमा पहुँच र जानकारी त परिकल्पना भन्दा पनि टाढाको कुरा थियो । त्यो कालखण्डमा नेपालमा यदि कुनै मानिस जन्मजात वा पछि कुनै प्राकृतिक वा दुर्घटनाका कारणले दृष्टिविहीन हुन पुग्थ्यो भने उसले आफ्नो सम्पुर्ण जीवन नै दृष्टिविहीनका रूपमा बिताउनुपर्ने बाध्यता थियो । अझ त्यसबेलाको कतिपय समाजमा त अन्धोपन अथवा दृष्टिविहीनतालाई अघिल्लो जन्मको पापको रूपमा परिभाषित गर्ने गरेको समेत पाइन्थ्यो ।

कुनै पनि प्राकृतिक वा दुर्घटनाका कारणले एक पटक दृष्टिविहीन हुन पुगेपछि सम्पूर्ण जीवन नै दृष्टिविहीन भएर बिताउनुपर्ने बाध्यता नेपालीहरुको थियो । आँखा अस्पतालहरुको अभावका साथसाथै आँखाको पनि उपचार हुन्छ, एक पटक आँखाको ज्योति गुमाएका मानिसहरुको उपचारपछि ज्योति फर्काउन सकिन्छ भन्ने चेतना त्यसबेलाको नेपाली समाजमा पुगेकै पनि थिएन । त्यो समयमा नेपालमा आँखाको समस्या विकराल थियो । लाखौं मानिसहरु उपचारको अभावमा दृष्टिविहीन जीवन बिताउन बाध्य थिए । उनीहरुसँग न त आँखा उपचारको विकल्प नै थियो न त चेतना ।

नेपालमा आँखाको समस्या र आँखा उपचारको अभावलाई बेलायतमा अध्ययन र कामसमेत गरिरहेका नेपाली चिकित्सक डा.रामप्रसाद पोखेलले राम्रोसँग बुझेका थिए । बेलायतमा उच्च शिक्षा अध्ययन गरेका र त्यही उच्च स्तरमा कामसमेत गरिरहेका डा.पोखेलसँग त्यतिबेला तीन वटा विकल्पहरु थिए- बेलायतमै सेटल हुने, त्यहाँबाट ग्रिनकार्डसहित अमेरिका जाने वा ती सबै कुराहरु त्यागेर नेपाल फर्कने । तर, उनले बेलायत र अमेरिकाको रंगिन दुनियालाई छाडेर नेपालमै फर्केर आँखा उपचार सेवालाई हरेक नेपालीहरुको पहुँचमा पुऱ्याउने निधो गरेर डा. पोखेल नेपाल फर्किए ।

नेपाल फर्केर डा.पोखेलले सुरुमा वीर अस्पतालमा आँखा विशेषज्ञका रूपमा काम सुरु गरे । वीर अस्पतालमा काम गर्दा उनले देशका विभिन्न ग्रामिण भुभागमा गएर घुम्ती आँखा शिविरहरु समेत सञ्चालन गरे जसले उनलाई नेपालमा आँखा अस्पतालको आवश्यकता र औचित्यको बोध गरायो । विभिन्न शिविरहरु र वीर अस्पतालमा काम गर्दा नै उनलाई सरकारले मात्र गरेर नेपालीहरुको आँखा उपचारको आवश्यकता पुरा हुँदैन भन्ने सोच आइसकेको थियो त्यसैले उनले नेपालमा छुट्टै आँखा अस्पताल स्थापना गर्ने अठोट गरे ।

हाल नेपाल नेत्रज्योति संघका संरक्षक समेत रहेका डा.पोखेलको अथक प्रयास र सक्रियतामा नेपालमै पहिलो पटक आँखाको मात्र उपचार गर्ने अस्पतालको रूपमा वि.सं. २०३१ सालमा नेपाल आँखा अस्पतालको स्थापना भयो । आँखा उपचारको सेवालाई राजधानीमा मात्र सिमित नगरी काठमाडौं बाहिर पनि विस्तार गर्ने उद्देश्यले डा.पोखेलकै सक्रियतामा नेपाल नेत्रज्योति संघको स्थापना भएको थियो ।

नेपालका हरेक नागरिकलाई आँखासम्बन्धी स्वास्थ्य सेवा दिन र कोही नेपाली पनि उपचारको अभावमा दृष्टिविहीन भएर बस्नु नपरोस् भन्ने उद्देश्यले गैरसरकारी क्षेत्रबाट यसको स्थापना भएको थियो । तत्कालिन समयमा यसको स्थापनामा राजदरबारको समेत अहम् र महत्वपुर्ण भूमिका थियो । संघको केन्द्रीय कार्यालय रहेको नेत्रज्योति भवनको उद्घाटन तत्कालिन स्व. वडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहले गरेकी थिइन् ।

आँखा उपचार सेवालाई उपत्यका बाहिर विस्तार गर्ने प्रमुख उद्देश्यले स्थापना भएको नेत्रज्योति संघले स्थापनाको पहिलो पाँच वर्षमै देशभरमा नौ वटा आँखा अस्पतालहरु सञ्चालन गऱ्यो । विभिन्न दाताहरुको व्यक्तिगत सहयोग, नेपाल सरकार, भारत सरकार र विभिन्न दातृ निकायहरुको सहयोग र समन्वयमा संघले छोटो समयमै यो महत्वपुर्ण उपलब्धी हाँसिल गर्न सफल भयो । यसरी नेपालमा आँखा उपचारको थालनी र विस्तार गरेको नेत्रज्योति संघले हाल नेपालमा प्रवाह हुने कुल आँखा उपचार सेवाको करिब ८० प्रतिशत हिस्सा ओगटेको छ । संघले हाल विभिन्न आँखा अस्पताल, आँखा उपचारका केन्द्र र विभिन्न आँखा शिविरहरु मार्फत हरेक जिल्लाका नागरिकहरुलाई आँखा उपचार सेवा प्रवाह गर्दै आइरहेको छ । आर्थिक अभाव र भौगोलिक विकटताका कारण कोही पनि मानिस आँखा उपचारबाट वञ्चित नहुन् भनेर संघले विभिन्न समयमा देशका विकट क्षेत्रहरुमा समेत निःशुल्क आँखा शिविरहरु सञ्चालन गर्दै आइरहेको छ ।




*आजभन्दा पाँच दशक अघिसम्म नेपालमा आँखाको उपचार पनि हुन्छ र ? भन्ने चेतना समाजमा रहेका शिक्षित तथा जाने बुझेका मानिसहरूमा समेत थिएन । त्यो कालखण्डमा कुनै मानिस जन्मजात वा पछि कुनै प्राकृतिक वा दुर्घटनाका कारणले दृष्टिविहीन हुन पुग्थ्यो भने उसले आफ्नो सम्पूर्ण जीवन नै दृष्टिविहीनका रूपमा बिताउनुपर्ने बाध्यता थियो । नेत्रज्योति संघको स्थापनाले आँखासँग सम्बन्धित रोगलाई निराकरण गर्न क्रान्तिकै स्वरूपमा भूमिका खेलेको छ । विगतमा जुन अवस्था थियो, आज त्यो कल्पना जस्तो बनेको छ ।*

सन् १९८१ मा गरिएको एक सर्वेक्षणले नेपालमा अन्धोपनको स्थिती ०.८४ प्रतिशत रहेको देखाएको थियो । त्यसको ठिक ३० वर्षपछि सन् २०११ मा विश्व स्वास्थ्य संगठनले गरेको एक अध्ययनले नेपालमा अन्धोपनको स्थिती करिब ०.५० प्रतिशतले घटेर ०.३५ प्रतिशतमा झरेको देखाएको छ । नेपालको अन्धोपन न्यूनिकरण कार्यमा प्राप्त यो सफलतामा नेत्रज्योति संघको भूमिका एकदमै महत्वपुर्ण छ ।

### देशभरमा २७ आँखा अस्पतालको स्थापना र सञ्चालन

संघले हाल देशभरीमा २७ वटा आँखा अस्पतालहरुको स्थापना गरिसकेको छ । संघद्वारा सञ्चालित २७ वटा आँखा अस्पतालहरुले अहिले दशैंभरी जनताको घर दैलोमा सहज, सुलभ र सस्तो रूपमा गुणस्तरिय सेवा प्रदान गरिरहेको छ । संघले आँखा अस्पतालको अलावा १५० वटा भन्दा बढी आँखा उपचार केन्द्रहरुको स्थापना गरेको छ । जहाँबाट प्राथमिक तहको आँखा उपचार सेवा प्रवाह हुन्छ । मानिसमा देखिने आँखासम्बन्धी करिब ८० प्रतिशत समस्याहरुको समाधान आँखा उपचार केन्द्रहरुबाट नै हुने गर्दछ । संघको अहिले ७ वटै प्रदेश र ४४ जिल्लामा जिल्ला शाखाहरुको स्थापना भइसकेको छ । संघमा आवद्ध करिब १० हजार स्वयंम सेवकहरुको अथक प्रयास र मेहनतबाट संघले आजको यो उपलब्धी हाँसिल गर्न सफल भएको हो ।

### हजारौं दृष्टिविहीनलाई निःशुल्क ज्योति

नेपाल नेत्रज्योति संघले वर्षेनी हजारौं दृष्टिविहीनहरुलाई निःशूल्क ज्योति प्रदान गर्दै आइरहेको छ । सरदरमा संघले वार्षिक २० हजार भन्दा बढी बिरामीहरुको आँखाको शल्यक्रिया निःशुल्क गर्दै आइरहेको छ । यसका अलावा विभिन्न स्थानिय तहहरु तथा दातृ निकायहरुसँगको सहकार्य तथा संघद्वारा सञ्चालित अस्पतालहरुले आफ्नै स्रोतमा समेत निःशुल्क शल्यक्रिया सेवा प्रदान गर्दै आइरहेका छन् ।

संघले आर्थिक अभावका कारण कोही पनि नागरिकले दृष्टिबिहीन जीवन यापन गर्न बाध्य नहुन भन्ने हेतुले जनताको घर दैलोमै सहज, सुलभ र सस्तो रूपमा गुणस्तरीय सेवा प्रदान गरिरहेको र सोका लागि विभिन्न निकायहरुसँगको साझेदारीमा उज्यालो अभियान कार्यक्रमसमेत सञ्चालन गदै आएको छ । जसबाट धेरै गरिबीको रेखामुनी नेपाली नागरिकहरुले निःशुल्क आँखा जाँच तथा शल्यक्रिया सेवा समेत पाइरहेका छन् ।

आर्थिक अभाव र जानकारीको अभावमा वर्षौंदेखि दृष्टिविहीन जीवन बिताइरहेका उनीहरुलाई नेत्रज्योतिको यो कार्यक्रमले नयाँ जीवन नै प्रदान गरेको छ । संघले मोतिविन्दुका बिरामीहरुको शल्यक्रियाका लागि उच्चतम प्रविधि भित्र्याएको छ । जसले गर्दा सल्यक्रिया गरेको केही घण्टामै बिरामीहरु आफ्नो सामान्य दैनिकीमा फर्किन सक्छन् ।

देशका सबै नागरिकलाई समतामूलक तथा बृहत आँखा स्वास्थ्य सेवा दिनका लागि मोतिविन्दुका अलावा दृष्टिदोष, बालदृष्टिविहीनता, जलबिन्दु, कोर्नियल अल्सर, डाइवेटिक रेटिनोपेथी, न्यूनदृष्टि, पुर्नस्थापकीय सेवासम्बन्धी राष्ट्रिय सेवा प्रदान गर्दै आइरहेको छ ।

### वार्षिक ३० लाखभन्दा बढीको आँखा जाँच

नेपाल नेत्रज्योति संघले आफ्ना देशैभरी छरिएर रहेकाआँखा अस्पताल र विभिन्न आँखा उपचार केन्द्रमार्फत औषतमा वार्षिक ३० लाखभन्दा बढी मानिसहरुलाई आँखा जाँच सेवा प्रदान गरिरहेको छ । आँखा अस्पताल र आँखा उपचार केन्द्रका अलावा संघको आयोजनामा हुने विभिन्न आँखा शिविरहरुबाट पनि लाखौं मानिसहरु लाभान्वित हुने गरेका छन् । सन् २०२२ मा नेत्रज्योति संघद्वारा सञ्चालित आँखा अस्पताल, उपचार केन्द्रहरु तथा विभिन्न आँखा शिविरहरुबाट कुल ३० लाख ७ हजार २०७ जनाको आँखा जाँच तथा २ लाख ७२ हजार ३५० जनाको शल्यक्रिया सम्पन्न भएको भएको छ । सन् २०२३ मा यो संख्यामा अझै वृद्धि आएको छ ।

### आँखासँगै कान स्वास्थ्य सेवाको पनि विस्तार

नेत्रज्योति संघले आँखा उपचारको साथ(साथै कानको उपचार सेवालाई समेत विस्तार गरेको छ । संघले वि.सं २०६९ सालदेखि कान सेवाको समेत सुरुवात गरेको छ । संघद्वारा सञ्चालित अस्पतालहरुबाट कानसम्बन्धी उपचार सेवा समेत विस्तार गरेको छ । वि.सं २०७७ सालदेखि सिबिएमको आर्थिक सहयोगमा कर्णाली प्रदेशमा एकिकृत कान तथा आँखा परियोजना समेत प्रारम्भ गरेको छ ।

### अन्तर्राष्ट्रिय सम्मान

